# प्रगती समिक्षा तथा सार्वजनिक सुनुवाई

## कार्यक्रम २०७९ सञ्चालन पश्चात तयार पारिएको कार्यक्रम सम्पन्न भएको प्रतिवेदन

**पृष्ठभुमीः**

प्रत्येक नागरिकलाइ आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र पाउने विषयलाइ संविधानले नै मौलिक हकको रुपमा स्थापित गरेको छ । सुशासन सञ्चालन तथा व्यवस्थापन ऐन, २०६४ तथा नियमावली २०६५ मा प्रत्येक सार्वजनिक निकायहरुले सम्पादन गरेका कामको बारेमा आम नागरिकलाइ जानकारीको लागि सार्वजनिक सुनुवाइ गर्नु पर्ने व्यवस्था गरेको छ । स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ को उपदफा ५ मा गाँउपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाइ पारदर्शी उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परिक्षण, सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था बमोजिम

यस अन्नपूर्ण गाउँपालिकाले पनि मिति २०७९।१२।१८ गते शनिवारका दिन प्रगती समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सन्चालन यस अन्नपूर्ण गाउँपालिकाको सभाहलमा सन्चालन भएको थियो । उक्त कार्यक्रममा अन्नपुर्ण गाँउपालिकाका जननिर्वाचित पदाधिकारीहरु, वडा समितिका सदस्यहरु, वडाका सेवाग्राही, उपभोक्ता समितिका पदाधिकारी एवं सदस्यहरु युवा क्लब, आमा समुहका सदस्यहरु, गैह्रसरकारी संस्थाका प्रतिनिधीहरु, सम्बन्धित वडाका सेवा प्रदायक संस्थाका प्रतिनिधिहरु तथा सरोकारवाला व्यक्तिहरु, कर्मचारी, पत्राकारहरुको सहभागिता रहेको थियो ।

प्रगती समिक्षा यस पालिकाका प्रमुख प्रकासकीय अधिकृत ज्यूले वाचन गर्नुभएको थियो भने सार्वजनिक सुनुवाई कार्यक्रम खुल्ला अन्तरक्रिया कार्यक्रम मार्फत भएको थियो भने जसको सहजीकरण पत्राकार महासंघ म्याग्दी तथा म्याग्दी मिडीया सोसाईटीका पत्राकारहरु मार्फत भएको थियो । उक्त खुल्ला अन्तरक्रीया सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी हुनुभएका सरोकारवालाहरुले विकास निर्माण र सेवा प्रवाहमा भएको कमिकमजोरी तथा त्रूटी औल्याई आगामी दिनमा गर्नुपर्ने सुधारका लागि सुझाव दिएका थिए भने सरोकारवालाबाट आएको सवालको जवाफ गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले जवाफ दिनुभएको थियो । सार्वजनिक मत सर्वेक्षण फाराम मार्फत प्राप्त मतको बाचन पश्चात विभिन्न विषयगत समितिका संयोजकहरुले सरोकारवाला मार्फत प्राप्त सुझावको मनन् गर्दै सुधारका लागि प्रतिद्वता मन्तव्य दिनुभएको थियो र भने कार्यक्रमको समापन गाउँपालिकाका अध्यक्ष भारत कुमार पुन ज्यू ले समापन गर्नु भएको थियो ।

श्री प्रकाशन
१. website upload गर्ने ।
२. [illegible] फाइलमा [illegible] गर्ने ।
०८०।१।१२
अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

१) कार्यक्रम सञ्चालन भएको स्थानःअन्नपूर्ण गाँउपालिकाको सभाहलमा सम्पन्न भयो

२) आयोजना सम्पन्न भएको अवधिः प्रगती समिक्षा तथा सार्वजनिक सुनुवाई

कार्यक्रम २०७९।१२।१८ सम्पन्न भयो।

३) कार्यक्रम सञ्चालनको प्राप्त प्रतिफलः

- गुणस्तरीय र पारदर्शि सेवा प्रवाहमा टेवा पुग्ने।
- वडा कार्यालय र गाँउपालिकाबाट प्रदान गरिएको सेवा सुविधा र यस आ. व मा सञ्चालित सबै विकास निर्माण क्रियाकलापको बारेमा जनतालाइ अवगत हुने।
- विकास निर्माण कार्यहरु समयमा नै तोकीएको गुणस्तर र लागतमा सम्पन्न गर्न सघाउ पुग्ने।
- सेवा प्रवाहको क्रममा कुनै कमजोरी भएको भए सो लाइ सुधार गरी भविष्यमा नदोहोरिने गरी कार्य सम्पादन गर्न सहज हुने।
- उपभोक्ता समितिबाट सञ्चालन भएका योजना तथा कार्यक्रमको बारेमा आम नागरिकलाइ जानकारी भइ योजना सञ्चालन गर्न र तिनको दिगो उपभोगमा टेवा पुग्ने

४) कार्यक्रमको उदघाटनः

कार्यक्रमको समुदघाटन अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष श्री भारत कूमार पुन ज्यू बाट भएको थियो।

६ कार्यक्रम सञ्चालनः


- सार्वजनिक सुनुवाइ कार्यक्रम स्वतन्त्र र निष्पक्ष संस्थाबाट सहजीकरण गरी सञ्चालन गर्दा अझ बढी विश्वसनिय र भरपर्दो हुने भएकोले पत्रकारहरुको साझा मन्चको रुपमा गठन भएको सहजीकरणका लागि पत्राकार महासंघसँग सम्झौता गरी सञ्चालन गरिने बमवजिम पत्राकार महासंघ म्याग्दीका पत्राकारहरुले सहजिकरण गर्नुभएको थियो।
- सार्वजनिक सुनुवाइ कार्यक्रम पहिलो उदघाटन शत्र र दोस्रो छलफल शत्र र तेस्रो प्रतिवद्धता मन्तव्य गरी समापन शत्र गरी ३ शत्रमा सम्पन्न भएको थियो।
- पहिलो शत्रमा गाँउपालिका तथा वडा कार्यालय एवं अन्य सेवा प्रदायक संस्थाबाट प्रवाह गरिएको सेवाको बारेमा उपस्थित सरोकारवाला माझ जानकारी गराइको थियो भने र यसको सञ्चालन गाँउपालिकाको कर्मचारीबाट भएको थियो।


- दोस्रो शत्रको कार्यक्रम सेवाग्राहीको गुनासो र सुझावहरु विषय क्षेत्र अनुसार उठान गरी सेवा प्रदायकको तर्फबाट जवाफ दिइएको थियो र सो कार्यक्रमको सहजीकरण पत्रकार महासंघका पत्रकारहरुबाट गरिएको थियो । जसमा राजराम बरवाल, श्याम पुर्जा, लोक बहादुर पुर्जा, विष्णू कुमारी परियार , दुर्गादत्त सुवेदी, सुमन घर्ती र सुजन बरुवाल लगायतका प्रश्नकर्ताहरुले विकास निर्माण , सेवा प्रवाह , गाउँपालिकाको आन्तरिक आय र भावि योजना सम्बन्धी प्रश्न गर्नुभएको थियो भने यस गाउँपालिकाका अध्यक्ष- भारत कुमार पुन , उपाध्यक्ष – दिवा कुमारी तिलिजा पुन र प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले प्रतिउत्तर दिनुभएको थियो ।
- तेस्रो शत्रमाँ कार्यक्रममा उठेका समग्र विषयवस्तुको जवाफ सहित वडा नं १ को अध्यक्ष दिलिप कुमार गर्वुजा, वडा नं ५ को अध्यक्ष राजेश तिलिजा , वडा नं ६ को अध्यक्ष राम बहादुर खड्का, वडा नं ७ को अध्यक्ष मइलन पर्जा पुन र वडा नं ८ को अध्यक्ष खम बहादुर गर्वुजा पुनबाट प्रतिवद्धता मन्तव्य तथा अध्यक्षको सार्गवित मन्तव्य सहित सो कार्यक्रमको अध्यक्षता ग्रहण गर्नु हुने व्यक्तिबाट समापन गरिएको थियो । यस शत्रको संयोजन यस कार्यालयका कर्मचारीबाट भएको थियो ।

७. कार्यक्रम समापनः

प्रगती समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रमको समापन गाउँपालिका अध्यक्ष श्री भार कूमार पुन ज्यूले गर्नु भएको थियो ।

८. सार्वजनिक सुनुवाईःकार्यक्रमका लिईएको तस्विरहरु







८. खर्च विवरणः

कार्यक्रम सम्पन्न गर्न लागेको खर्च र कार्यक्रम सञ्चालन सम्बन्धी अन्य विवरण संलग्न गरिएको छ ।

| | खर्च शिर्षक | इकाइ | दर रु. | जम्मा रकम रु. | कर कट्टी रु. | खुद पाउने रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| उत्तम होटल | खाजा | ४२ | १२० | ५०४० | ७५।६ | ४९६४।४ | बैक खाता |
| | चिया | ५० | ३० | १५०० | २२।५ | १४७७।५ | |
| | जम्मा | | | | | ६४४१।९ | |
| एभरेष्ट होटल | चिकन खाना | ११ | ३०० | ३३०० | ४९।५ | ३२५०।५ | बैक खाता |
| | सादा खाना | १० | २०० | २००० | ३० | १९७० | |
| | खाजा | ४० | १२० | ४८०० | ७२ | ४७२८ | |
| | चिया | ५० | २५ | १२५० | १८।७५ | १२३१।२५ | |
| | जम्मा | | | | | १११७९।७५ | |
| लालिगुराँस प्रिन्टीङ्ग सेन्टर | व्यानर | १ | १००० | १००० | १५ | ९८५ | बैक खाता |
| श्री भगवती खड्का कटुवाल | संयोजक /प्रतिवेदक | १ | १००० | १००० | १५० | ८५० | बैक खाता |
| सहजीकरण खर्च | सहजकर्ता | ३ | १५००*३=४५०० | १३५०० | २०२५ | ११४७५ | बैक खाता |
| जम्मा | | | | ३३,३९० | | | |

प्रतिवेदन
तयार गर्नेः

प्रतिवेदन
अमृत सुवेदी
प्रमाणित गर्ने
प्रमुख प्रशासकीय अधिकृत

# अन्नपूर्ण गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

**सार्वजनिक सुनुवाई गरिएका विषयहरु**

क) गाउँपालिकाको कार्यालयद्वारा चालु आर्थिक वर्ष २०७९ ०८० मा सञ्चालित योजना तथा कार्यक्रमहरु ।

ख) गाउँपालिका अन्तर्गत रहेका विषयगत शाखाका सेवाहरु ।

ग) वडा कार्यालयको सेवा प्रवाह र विकास निर्माणको गतिविधि

**कार्यक्रम स्थल-** अन्नपूर्ण गाउँपालिका- ६ पोखरेबगर ।

**मिति र समय-** २०७९ चैत १८ गते दिउँसो ११ बजेदेखि ४ बजेसम्म ।

**कार्यक्रम समय-** अवधि- ५ घण्टा

**सहजकिरण -** घनश्याम खड्का राकेश शर्मा कमल खत्री

## सार्वजनिक सुनुवाइमा उठेका प्रश्न, जिज्ञासा र उत्तर

| क्र.सं. | प्रश्नकर्ताको नाम | प्रश्न/गुनासो/सुझाव | उत्तर दिने व्यक्ति | जवाफको व्यहोरा |
|---|---|---|---|---|
| १. | राजाराम बरुवाल | बेनी-जोमसोम सडकको अन्नपूर्ण खण्ड र पोखरेबगर-चित्रे सडकमा भएको ढिलासुस्तीप्रति गाउँपालिका किन बेखबर बनेको हो? पोखरेबगर क्षेत्रमा सुरक्षाको बन्दोबस्त र स्वास्थ्य केन्द्रको स्थापना किन गर्न सकिएन ? | गाउँपालिका अध्यक्ष भारत कुमार पुन | वास्तवमा बेनी-जोमसोम कोरला सडक आयोजना अन्तरगत यस म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिका खण्ड र पोखरेबगर-चित्रे सडकमा जुन निर्माण व्यवसायिहरु परिचालन भएका छन्, उनीहरुले छिटो छरितो काम गर्न सकेका छैनन्, हामीले यस सम्बन्धमा निरन्तर रुपमा आयोजना कार्यालय र सम्बन्धित ठेकेदार कम्पनीलाई निरन्तर ताकेता गरिरहेका छौं ।पोखरेबगर गाउँपालिकाको केन्द्र पनि भएकाले हिसावले यहां आधारभुत स्वास्थ्य सेवाको पहुंच विस्तार गर्न हामीले आवश्यक गृहकार्य अघि बढाइसकेका छौं । सुरक्षाको सन्दर्भमा प्रहरी बिट राख्न जिल्ला प्रहरी कार्यालय र सुरक्षा समितिमा हामीले निरन्तर समन्वय गर्दै आएका छौं । |
| २ | राजाराम बरुवाल | गाउँपालिकाको केन्द्र पोखरेबगर क्षेत्रमा फोहोर व्यवस्थापन नहुंदा कालीगण्डकी नदीमै फोहोर फाल्नुपर्ने बाध्यता छ । दिगो फोहोर व्यवस्थापनमा गाउँपालिकाको योजना के छ ? | गाउँपालिका उपाध्यक्ष दिवा कुमारी तिलिजा पुन | गाउँपालिका भर्खर स्थापना भएको र विस्तारै यस क्षेत्रमा पनि शहरीकरण बढ्दो क्रममा रहेकाले फोहोर व्यवस्थापनलाई दिगो योजना सहित अघि बढ्नुपर्ने आवश्यकतालाई गाउँपालिकाले मनन गरेको छ। खासगरि फोहोरलाई मोहोरमा रुपान्तरण गर्ने गरि अभियान नचलाएसम्म फोहोरको दिगो व्यवस्थापन नहुंदो रहेछ । हामीले गाउँपालिकाको केन्द्र पोखरेबगर आसपासके क्षेत्रमा डम्पीङ साइटको लागि सम्भावित क्षेत्रहरुको पहिचान गर्ने कामलाई प्राथमिकता दिएका छौं । कम्तीमा डम्पीङ साईट बन्यो भने त्यसले फोहोरलाई नदिमा फाल्नुपर्ने बाध्यता हटाउन सक्छ भन्ने हामीलाई लागेको छ । |
| ३. | श्याम पुर्जा | यस गाउँपालिकामा अहिलेसम्म पाँच करोड बढी बेरुजु पुगेको सुनिएको छ, तर त्यसलाई नियमित गर्नका लागि लेखा समिति गठन हुन सकिरहेको छैन ? गाउँपालिकाले यसतर्फ किन ढिलाई गरेको होला ? | गाउँपालिका अध्यक्ष भारत कुमार पुन | हामीले गएको हिउँदे अधिवेशनमा लेखा समिति गठनको लागि प्रस्ताव पेश गरेका थियौं । तर लेखा समितिको नेतृत्वमा धेरै जनाको दावि परेको र सहमती जुट्न नसकेपछि हिउदे अधिवेशन मार्फत लेखा समिति गठन गर्न असम्भव भएको हो । कार्यपालिका बैठकले लेखा समिति गठन गर्ने अधिकार नभएको कारण अर्को गाउँ सभा मार्फत लेखा समिति गठन गर्ने हाम्रो योजना रहेको छ । |
| ४ | श्याम पुर्जा | अन्नपूर्ण गाउँपालिकालाई पर्यटनको हब मानिन्छ तर पर्यटन विकासमा | गाउँपालिका प्रमुख प्रशासकीय | अन्नपूर्ण गाउँपालिका पर्यटन, कृषि, पशुपालन, जलविद्युत लगायतको क्षेत्रमा प्रचुर सम्भावना बोकेको क्षेत्र हो । यहां रहेका सम्भावनाको पहिचान र खोजी |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | गाउँपालिकाले कुनै पहल गरेको देखिँदैन ? | अधिकृत अमृत सुवेदी | संग प्रवर्द्धन र प्रोत्साहनमा गाउँपालिकाले आफ्नो नीति तथा कार्यक्रममा नै समावेश गरेको छ । हामीले यहाँ पूर्वाधार निर्माणका लागि गाउँपालिकासँग प्रदेश र संघीय सरकारमा समेत आवश्यक योजनाहरू अघि बढाएको अवस्था छ । हामीले हाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पुगेर समेत यस गाउँपालिकाको पर्यटन क्षेत्रको सन्दर्भमा आवश्यक छलफल गरेका फर्किएका छौं । अन्नपूर्ण आधार शिविर लगायत पालिकाभित्र रहेका पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धनका निम्ति आगामी कार्यपालिका बैठकहरू मार्फत आवश्यक निर्णय गरेर अघि बढ्ने योजना रहेको छ । |
| ५ | लोकबहादुर पुर्जा | सडक लगायतका पूर्वाधार निर्माणका योजनामा मेसिन प्रयोग गर्नुपर्ने योजनामा बजेट थोरै हुने र डोजर तथा स्काभेटरको प्रयोग गर्नुपर्ने अवस्थामा उपभोक्ता समितिहरूलाई झण्झट र खर्च बढी हुने गरेको छ । गाउँपालिका आफैंले स्काभेटर खरिद गरेमा त्यस्ता योजना कार्यान्वयनमा सहज हुने थियो । | गाउँपालिका प्रमुख प्रसासकीय अधिकृत अमृत सुवेदी | वास्तवमा गाउँपालिकाबाट विनियोजन हुने बजेट सबै क्षेत्रमा सम्बोधन गर्नुपर्ने भएकाले योजनाको बजेट साना-साना हुने गरेको छ । टुक्रे योजनाहरूलाई कार्यान्वयन गर्न उपभोक्ता समितिहरूलाई आइपरेको झण्झटबारे हामी जानकार नै छौं । थोरै बजेटका कामका लागी स्काभेटर र डोजर ल्याउनुपर्ने काममा धेरै खर्च हुँदा समितिलाई आर्थिक व्ययभार पर्ने गरेको गुनासाहरू पनि बेलाबखत आइरहन्छ । छिमेकी जिल्लाका केहि स्थानीय तहहरूले सडक मर्मत तथा स्तरोन्नती योजनालाई कार्यान्वयनमा सहजता ल्याउन पालिका आफैंले स्काभेटर खरिद पनि गरेका छन् । त्यसको कार्यान्वयन पक्षको अवस्थालाई मुल्यांकन गरेर हामीले समेत आवश्यक उपकरण तथा सामाग्री खरिद सम्बन्धमा गाउँपालिकामा छलफल अगाडी बढाउने योजना बनाएको छु । |
| ६. | लोकबहादुर पुर्जा | गाउँपालिकाको पशु शाखाका कर्मचारीहरूले कृषकको घरमा पुगेर सेवा दिंदा अतिरिक्त थप पैसा लिने गरेका छन्? के गाउँपालिकाले यसतर्फ ध्यान दिएको छ त ? | गाउँपालिका प्रमुख प्रसासकीय अधिकृत अमृत सुवेदी | गाउँपालिकाका कुनै शाखाबाट पनि सेवा प्रवाह गर्दा अतिरिक्त शुल्क लिन मिल्दैन । अझ कृषि र पशु शाखाका कर्मचारीहरू धेरै समय किसान र कृषकका घर आगनमा पुगीरहनुपर्छ । त्यसको लागि गाउँपालिकाले उनीहरूलाई आवश्यक तलब सुविधा दिएको हुन्छ । कुनै पनि कर्मचारीले सेवा दिन घरमा पुगेकै कारण अतिरिक्त शुल्क माग्छन भने तिनिहरूको सूचना गाउँपालिकाको नेतृत्व र प्रशासकीय प्रमुखलाई दिनुहोस,उनीहरूलाई आवश्यक कारवाही हुन्छ । |
| ७ | विष्णु कुमारी परियार | पोखरेबगर-ठूलोबगर जोड्ने बेलिब्रिज निर्माण योजनाको ठेक्का लगाउन ढिलाई भएको छ। लक्षित बर्गका योजना कार्यान्वयन गर्दा अनुदानमा लागत साझेदारी गर्नुपर्ने बाध्यताले गरिब तथा विपन्न बर्गका नागरिकहरू थप आर्थिक चपेटामा परेका छन। त्यसलाई हटाउन के पहल भैरहेको छ ? | कार्यपालिका सदस्य विरबहादुर पौडेल | तत्कालिन प्रदेश सभा सदस्य विनोद केसीको पहलमा पोखरेबगर-ठूलोबगर जोड्ने गरि कालीगण्डकी नदीमाथि बेलिब्रिज निर्माण योजना अघि बढाइएको हो । त्यसको लागि डिपिआर लगायतका काम सकिएको हो । अघिल्लो संसदको कार्यकाल सकिएको र सरकार परिवर्तन भएकाले पनि यसको ठेक्का लाग्न नसकेको होला । गाउँपालिकाले पुन: यस योजनाको सन्दर्भमा प्रदेश सरकारमा आवश्यक पहल गर्नुपर्ने भएको छ । गाउँपालिकाले अनुदान दिने कार्यक्रमहरूमा सम्बन्धित समुदाय र बर्गको समेत अपनत्व गराउनका लागि लागत साझेदारीको अवधारण अघि सारेको र यसलाई कार्यान्वयन गर्न |

CS Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | सकेमा यसले बजेटको दुरुपयोग हुन सक्छ भने कार्यक्रमको उपलब्धि बढाउन समेत सहयोग पुग्छ । |
| ८ | दुर्गादत्त सुबेदी | गाउँपालिकाले यस वर्ष ज्येष्ठ नागरिकहरूलाई न्यानो कपडा वितरण गरेको तर पुस महिनामा गर्दा पुरै चिस्सो समय न्यानो कपडा पयोग गर्न नपाएको गुनासो आएको छ. आगामी दिनमा यस्ता कार्यक्रमलाई समयमै कार्यान्वयनमा लेजानुपर्ने देखिएको छ भने गहुँको बिउ समेत समयमा वितरण नहुँदा त्यसको प्रभावकारीता यस वर्ष भएन किन होला ? | गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत अमृत सुबेदी | गाउँपालिकाले ज्येष्ठ नागरिकहरूको स्वास्थ्य सुरक्षा र उनीहरूको सम्मानका लागि न्यानो कपडा वितरण गरेको हो । जनस्तरबाट आएका सुझाव र गुनासाहरूको आधारमा आगामी दिनमा यस्ता कार्यक्रमलाई अघि बढाउँदा पक्कै पनि समय सीमा र आवश्यकतालाई बेमेल हुने गरि गरिने छैन । कृषि शाखा मार्फत गाउँपालिकाले कृषकहरूलाई बिउ बिजन वितरण गर्दै आएको छ । त्यसमा प्रथमत किसान र कृषकहरूले समयमै माग गर्नुपर्यो । गाउँपालिकाले पनि समयमै उपलब्धता गराउनुपर्छ त्यसतर्फ गाउँपालिकाले आगामी दिनमा आवश्यक कदम चाल्नेछ भन्ने विश्वास दिलाउन चाहन्छु । |
| ९ | सुमन घर्ति | गाउँपालिकाले आफ्नो आन्तरिक आम्दानीको क्षेत्र बढाउन के कस्तो योजना बनाएको छ ? | गाउँपालिका अध्यक्ष भरत कुमार पुन | अन्नपूर्ण गाउँपालिका हरेक क्षेत्रमा सम्भावना भएको गाउँपालिका हो । यहाँ पर्यटन क्षेत्रमा प्रयाप्त सम्भावना छ । जलविद्युत क्षेत्रमा पनि उत्तिकै सम्भावना छ । हामीले अन्य क्षेत्रमा रहेका सम्भावनाहरूको पनि खोजी गरिरहेका छौं । त्यसमध्ये अहिले पर्यटन क्षेत्र मार्फत गाउँपालिकाको आन्तरिक आम्दानीको बढोत्तरी गर्न सहयोग पुगेको छ । आगामी दिनमा गाउँपालिकाभित्र रहेका अन्य आम्दानीका स्रोतहरूको समेत पहिचान गर्ने र आम्दानीका क्षेत्रहरूलाई गाउँपालिका मातहत ल्याउन गाउँपालिकाले आवश्यक गृहकार्य अघि बढाइसकेको छ |
| १० | सुजन बरुवाल | सार्वजनिक सुनुवाई लाई नियमित रूपमा सञ्चालन गर्न र यस्ता कार्यक्रममा जनसहभागीता बढाउन किन सकिरहेको छैन गाउँपालिकाले ? | गाउँपालिका उपाध्यक्ष दिवा कुमारी तिलिजा पुन | हरेक चौमासिकमा कम्तीमा एक पटक सार्वजनिक सुनुवाई गर्नुपर्छ । हामीले वडा स्तरमै पनि यसलाई लेजाने योजना बनाएका छौं । यो वर्षको यो पहिलो सार्वजनिक सुनुवाईलाई पालिका स्तरमै आयोजना गर्ने कार्यपालिका बैठकको निर्णय बमोजिम हामीले हरेक वडा कार्यालय मार्फत र गाउँपालिकाको वेबसाइट र सामाजिक सञ्जाल मार्फत पनि सूचना प्रवाह गरेर कार्यक्रमबारे जानकारी दिएका थियौं । आगामी दिनमा जनसहभागीतालाई थप व्यापक बनाउनका लागि अन्य प्रभावकारी माध्ययम मार्फत समेत सूचना प्रवाह गर्ने परिपाटीलाई जोड दिन हामी तत्पर छौं । वास्तवमा हामीले आफ्नो अवस्था पहिचान गर्ने । जनस्तरका गुनासा सुन्ने र कार्यालयको सेवा प्रवाह र विकास गतिविधिलाई प्रभावकारी बनाउन यस्ता सार्वजनिक सुनुवाईका कार्यक्रमहरू निकै उपलब्धीमुलक र सहयोगी बन्ने हामीले अपेक्षा गरेका छौं । |

प्रतिवेदन दिएको मितिः २०७९ चैत २८ गते

दस्तखत
कमल खत्री
प्रतिवेदन तयार पार्ने

Scanned with CamScanner